NCC Bank
नेपाल क्रेडिट एण्ड कमर्स बैंक लि.
Nepal Credit & Commerce Bank Ltd.
(नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजतपत्रप्राप्त संस्था)

Head Office :
Bagbazar, Kathmandu, Nepal
Post Box No.: 12559
Tel.: 4246991, Fax : 977-1-4244610
SWIFT : NBOCNPKA
E-mail : corporate@nccbank.com.np

Ref:No: NCCBank/CHO/BS/ 24 / 2077/78

मिति २०७७।१०।१२

श्री नेपाल स्टक एक्सचेञ्ज लिमिटेड
सिंहदरबार प्लाजा, काठमाडौ ।

विषय: जानकारी गराइएको बारे ।

महोदय,

तहाँको च.नं ७५७, प.सं.०७७/७८ मिति २०७७।१०।११ को पत्र प्राप्त भई व्यहोरा अवगत भयो । उक्त पत्र मार्फत यस बैंकको नेप्सेमा सुचिकृत भई लामो समयदेखि कारोबार हुँदै आएको शेयर मिति २०७७।१०।११ गतेका दिन नेप्सेको कारोबार प्रणालीमा उच्च खरिद चाप देखिएकोले मूल्यमा असर गर्ने कुनै सूचना तथा निर्णय गरेको भएमा सो को जानकारी ३ (तीन) कार्य दिनभित्र उपलब्ध गराउन निर्देशन दिएको सम्बन्धमा निम्नानुसारको व्यहोरा जानकारी गराउदछौं ।

१. यस बैंकको आर्थिक वर्ष २०७६/७७ को वार्षिक साधारण सभा मिति २०७७ माघ ९ गते बोलाइएको र उक्त सभबाट पारित भई सम्बन्धित निकायको स्वीकृति पश्चात वितरण हुने गरी १०.२६९५ प्रतिशत बोनस शेयर र सो को कर प्रयोजनका लागि ०.५४०५ प्रतिशत नगद लाभांश वितरण गर्ने प्रस्ताव वाहेक अन्य शेयर मूल्यमा असर गर्ने गरी कुनै निर्णय नभएको ।

२. बुँदा नं १ मा उल्लिखित बोनस शेयर र नगद लाभांश वितरण गर्ने सम्बन्धमा मिति २०७७ पौष ३ गते नेपाल स्टक एक्सचेन्जमा जानकारी गराइएको व्यहोरा अवगत नै छ ।

३. २३औं वार्षिक साधारण सभाबाट मर्जर सम्बन्धमा नेपाल क्रेडिट एण्ड कमर्स बैंक लि. र अन्य उपयुक्त बैंक तथा वित्तीय संस्थाहरू एक आपसमा गाभ्ने र गाभिने (मर्ज गर्ने) वा प्राप्ति (एक्वीजिशन) गर्न तथा वैदेशिक रणनीतिक साझेदारीमा जान उपयुक्त देखिएमा बैंकको चल अचल सम्पत्ति र दायित्व तथा कारोबारको मूल्याङ्कन गर्न राष्ट्रिय वा अन्तर्राष्ट्रिय मान्यता प्राप्त मूल्याङ्कनकर्ता नियुक्ति गर्न तथा गाभ्ने वा गाभिने वा प्राप्ति गर्ने सम्बन्धी सहमति/सम्झौता गर्ने तथा सो सम्बन्धमा प्रचलित कानून, नियम अनुसार बैंकको तर्फबाट गर्नुपर्ने सम्पूर्ण कार्य गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने नीतिगत प्रस्तावमात्र पारित भएको र यस सम्बन्धमा कुनै बैंक तथा वित्तीय संस्थासंग गाभ्ने वा गाभिने विषयमा छलफल तथा निर्णय नभएको ।

अत: यस बैंकका तर्फबाट शेयर मूल्यमा प्रभाव पर्ने किसिमका कुनै निर्णय तथा कार्य नभएको नगरेको व्यहोरा जानकारी गराँउदछौं ।

भवदीय

कपिल ज्ञवाली
कम्पनी सचिव